# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७७/०७८
च.नं

मिति २०७८।०१।१५

**सूचना सूचना सूचना**

रुपन्देही जिल्लामा नयाँ भेरिएण्टको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि मिति २०७८।१।१६ गते विहान ६:०० बजे देखि मिति २०७८।१।३० गते विहान ६:०० बजेसम्म देहाय बमोजिम निषेधाज्ञा गर्ने गरी जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट निषेधाज्ञा जारी भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना गरिएको छ ।

**१.गर्न नपाईने वा निषेध गरिएका कार्यहरु**

१. निषेधाज्ञा अवधिभर औषधि उपचार तथा अन्य अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरवाहिर ननिस्कने ।
२. जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने ।
३. कुनै पनि भेला भिडभाड गर्न, जात्रा सञ्चालन गर्न, महोत्सव सभा जुलुस नगर्ने ।
४. सबै प्रकारका सभा, पार्टीप्यालेस, सिनेमा हल, सेमिनार, तालिम, गोष्ठी, सम्मेलन, सैलुन, मनोरञ्जन स्थल, डिपार्टमेन्टल स्टोर, सपिङ्ग मल, व्युटिपार्लर र स्वीमिङ्ग पुल, स्पा, संग्रहालय, पुस्तकालय, समुहमा खेल्ने खेलकुद, जिमखाना आदि सञ्चालन नगर्ने ।
५. परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक साँस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट नगर्ने ।
६. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, भाषा कक्षा, ट्युसन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने ।
७. यस जिल्लाबाट अन्यत्र जिल्लाका लागि छुट्ने सार्वजनिक तथा निजी सवारी साधन नचल्ने, पूर्व-पश्चिम राजमार्गबाट वारपार गर्ने बाहेक यस जिल्लामा अन्तिम स्टप विन्दु भई अन्य जिल्लाबाट आउन निषेध गरिने ।
८. होटल/रेष्टुरेण्ट/पार्टी प्यालेस सञ्चालन नगर्ने ।
९. शान्ति सुरक्षा तथा सुव्यवस्था, स्वास्थ्य, खानेपानी, दुध, विद्युत, दमकल, संचार, भन्सार, क्वारेण्टाइन, फोहरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, औषधि र अत्यावश्यक वस्तु तथा मालसामान ढुवानी गर्ने ढुवानीका साधन जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय र सेवा सञ्चालन बन्द गर्ने ।

**२.निषेधादेश व्यवस्थापन सम्बन्धमा ।**

१. अति आवश्यकीय सामाग्रीहरु खाद्यान्न, ग्याँस, तरकारी, फलफूल र दुध लगायत दैनिक उपभोग्य बस्तुहरुको सहज आपुर्तिको व्यवस्था उद्योग बाणिज्य र व्यापार संघले मिलाउने ।
२. निषेधाज्ञा अवधिभर अति आवश्यक वस्तुहरुको ढुवानी सहजताको लागि उद्योग वाणिज्य र व्यापार संघले समन्वय तथा सहजीकरण गर्ने ।

शिवप्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. प्रथम श्रेणी)

# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७७/०७८
च.नं

३. विवाह/ब्रतवन्ध/पूजाआजा वा अन्य संस्कारका लागि बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी ईकाइसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने । विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा १५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका निम्ती जाँन आउन सकिने ।

४. स्वास्थ्य, सुरक्षा, खानेपानी, विद्युत, टेलिक, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक सेवाहरु सञ्चालन हुनेछन भने यस बाहेकका अन्य कार्यालयको हकमा सेवा प्रवाह स्थगन हुनेछ । अत्यावश्यक सेवा प्रदायक कार्यालयका कर्मचारी परिचयपत्रका आधारमा कार्यालय आवतजावत गर्न सक्ने ।

५. बैंकहरु आवश्यकता र मानवीयताका आधारमा अति संवेदनशील क्षेत्रमा सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पुरा गरी सेवा उपलब्ध गराउने ।

६. औद्योगिक प्रतिष्ठानहरु र विकास निर्माणहरुमा हुन सक्ने सम्भावित संक्रमण नियन्त्रण तथा त्यहाँबाट हुन सक्ने संक्रमण विस्तारलाई रोकथाम गर्न तपसिलका सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्न लगाउने ।

- श्रमिक र अन्य जनशक्तिहरु अनिवार्य रुपमा कार्यस्थलमै रहनु पर्ने, निजहरुलाई खानाको व्यवस्था कार्यस्थलमै गरिदिनुपर्ने, बाहिर जान र बाहिर रहेका परिवार लगायत अन्य कुनै व्यक्तिसँग सम्पर्क गर्न नदिने ।
- व्यक्ति, व्यक्ति वीचको भौतिक दुरी कायम राख्ने ।
- स्वास्थ्य सम्बन्धी प्रोटोकल पालना गर्ने ।
- सबै श्रमिकहरुको दैनिक ज्वरो, स्वास्थ्य जाँच गर्ने र माक्स, सेनिटाइजर तथा सावुन पानीको प्रयोग गर्ने ।
- एम्बुलेन्स तयारी अवस्थामा राख्ने व्यवस्था गर्ने
- Mild र Moderate कामदार संक्रमित भएमा स्वयं उद्योगले नै आइसोलेसनको व्यवस्था गर्नुपर्ने ।
- यी प्रावधानहरु पालना गर्ने गराउने जिम्मेवारी उद्योग धनी तथा संचालकको हुने ।
- उक्त कार्यको प्रभावकारी रुपमा अनुगमन गरिनेछ ।

७. यस आदेशको उल्लघंन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी-औषधीजन्य सामग्री अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कारवाही हुनेछ ।

२।१५

**शिब प्रसाद रेग्मी**
प्रमुख प्रशासकीय अधिकृत
(रा.प. प्रथम श्रेणी)